आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

कर्पोरेट तथा रजिष्टर्ड कार्यालय : का.जि.का.म.न.पा. वडा नं.२६, लैनचौंर, काठमाण्डौं ।

बीमालेख न :.....

बीमाङ्क रकम रु .....

नाम : .....

ऋण रु (अंङ्क).....

ऋण रु (अक्षरमा).....

कर्जा दिइएको मिति :.....

तमसुक

लिखितम् माथि उल्लेख गरीए बमोजिम म ऋणीले आजका मितिमा आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (यसपछि कम्पनी भनी उल्लेख भएको) बाट उल्लेखित बीमालेख कम्पनीमा मैले धितो राखी माथि उल्लेखित रकम ऋण स्वरुप प्राप्त गरेकोले यसै तमसुकको कागजात द्वारा म स्वयं तथा मेरो उत्तराधिकारीको हकमा समेत कंम्पनी तथा कंम्पनीमा उत्तराधिकारीसंग देहाय बमोजिमको शर्त कबुलियत गरीदिएको छु ।

१. बीमालेख अन्तर्गत मैले लिएको ऋणको सुरक्षणको लागि मेरो जीवनबीमालेख कम्पनी र कम्पनीका उत्तराधिकारसंग धितो राख्न मञ्जुर गर्दछु ।

२. ऋण रकम जुनसुकै समयमा पनि कम्पनीमा बुझाउने बिषयमा मेरो पुर्ण मञ्जुरी छ ।

३. यस तमसुकको व्याजको विवरणमा उल्लेख भए बमोजिमको वा समय समयमा बीमा समितिको स्वीकृती लिई कम्पनीले तोके बमोजिमको व्याज भुक्तानी गर्न मञ्जुर गर्दछु । प्रत्येक असार मसान्त पछि चुक्ता हुने गरि व्याज रकम सावा रकममा गणना गरिने बिषयमा मेरो पुर्ण मञ्जुरी छ । उल्लेखित व्याजदर समय समयमा वीमा समितिको स्वीकृती लिई परिर्वतन गर्न सकिने र परिवर्तित व्याजदर त्यस पछिको भुक्तानी मिति देखि मात्र लागु गर्ने बिषयमा मेरो पुर्ण मञ्जुरी छ ।

४.कम्पनीले ऋण रकम फछ्यौंट गर्नु भनी सूचना दिन सक्नेछ सो सूचना पाएको ३० दिनभित्र साँवा र व्याज समेत जोड्दा हुने एक मुष्ट रकम कम्पनीको उल्लेखित कार्यालयमा बुझाउन मञ्जुर गर्दछु ।

५.ऋण रकमको आंशिक भुक्तानी स्वीकार गर्न कम्पनी वा कम्पनीको उत्तराधिकार बाध्य हुने छैन ।

६.यसरी बीमालेखको धितोमा लिएको ऋणको साँवा व्याज जोड्दा हुने रकम बीमालेख अन्तर्गतको सर्मपर्ण मुल्य बराबर वा सो भन्दा बढी भएमा वा बीमालेख व्यतित भएमा साँवा व्याज भुक्तानीको लागि बीमितलाई सूचना पठाइने छ । सो सूचना ३ महिनाभित्र पनि सो रकम भुक्तानी नगरेमा बीमालेख जफत गरी सो को सम्पूर्ण मूल्यवाट साँवा व्याज असुल उपर गरी कुनै रकम बढी भएमा बीमित वा निजको हकवालालाई भुक्तानी गरीने बिषयमा मेरो पुर्ण मञ्जुरी छ ।

७.बीमालेख अन्तर्गत प्रदान गरेको ऋणको साँवा तथा व्याज पूर्ण वा आंशिक भुक्तानी नहुँदै बीमालेखको शर्त अनुसार मृत्यु दाबी वा बीमा अवधि समाप्त भई अवधि दाबी भुक्तानी गर्नुपर्ने भएमा दाबी रकम मध्ये बाट बीमितबाट असुल उपर हुन बाँकी ऋण र सोको व्याज कट्टा गरी बाँकी रकम मात्र बीमालेख अन्तर्गत भुक्तानी गर्ने बिषयमा मेरो पुर्ण सहमती छ ।

८.व्याजको विवरणहरु :

(क) व्याज ९.५ प्रतिशत प्रति बर्षका दरले लिईनेछ ।

(ख) पहिलो व्याजको भुक्तानी ऋण लिएको मिति पछिको आषाढ मसान्त हुनेछ ।

(ग) त्यसपछिको व्याजको भुक्तानी ऋण कट्टी नहुन्जेल प्रत्येक आषाढ महिनामा हुनेछ ।

माथि उल्लेखित शर्तहरु आफ्नो मनोमानी राजीखुशीले स्वीकार गरी उल्लेखित ऋण त्यसको व्याज र सम्बन्धीत खर्च समेतको धितोमा रहेको उल्लेखित बीमालेख आजका मितिमा तपाई साहु कम्पनी श्री आई.एमं.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र कम्पनीका उत्तराधिकारीलाई कम्पनीको कर्पोरेट तथा रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा. वडा नं.२६, लैनचौंर, काठमाण्डौंमा बुझाईदिएँ ।

जीवन बीमालेखको शर्त बमोजिम यदी कुनै अवस्थामा तपाईले लिनुभएको ऋण रकम र तिर्न बाँकी व्याज समर्पण मूल्यभन्दा बढी भएमा बीमालेख जफत गरी ऋण र तिर्न बाँकी व्याज असुल उपर गरीने छ ।

तल उल्लेखित साक्षीको रोवहरमा छापिएका तथा लेखिएको यो तमसुक म स्वीकार गर्दछु ।

साक्षी

सही :

पुरा नाम :

पेशा :

ठेगाना :

ऋणीको रेखात्मक सही

दाँया

बाँया

ऋणीको लेखात्मक सही :.....

कंम्पनीको तर्फबाट अधिकारीक हस्ताक्षर :

.....

व्यवस्थापक / अधिकृत

इति सम्वत .....साल.....महिनाको .....गते रोज .....शुभम् ।